# नेपाल गजेट

नेपाल सरकारद्धारा प्रकाशित

काठमाडौं ज्येष्ठ ६ गते ०१ साल

भाग १२

## संसदीय प्रबन्धमन्त्रालयको विज्ञप्ति

सरकारले देशलाई पूर्वी र पश्चिमी दुइ भागमा विभाजित गरी जम्मा दुइ पटक गरी जनगणना लिने निश्चय गरेको छ। पूर्वी भागमा ज्येष्ठ १५ गतेलाई जनगणना–दिवस मान्ने गरी काम सुरू भैसकेको छ। पश्चिमी भागको जनगणना-चाहिं आगामी माघ महीनामा गरिनेछ। देशको भौगोलिक स्थितिले तथा देशमा यातायात र संचारको साधनहरुको नितान्त कमी भएकोले नै जनगणनाको काम यसरी दुइ पटक गरी गर्नुपरेको हो।

हालै पास भएको जनगणना ऐन २००६ बमोजिम अहिले चलिरहेको पूर्वी भागको सम्पूर्ण जनगणनाको कामको देखरेख चीफ सेन्सस् सुपरिटेन्डेन्ट श्रीथीर-बहादुर राय माझीलाई सपूर्द गरिएको छ। जनगणनाको कामको निमित्त समस्त पूर्वी भागलाई ४ इलाकामा बाँडिएको छ र प्रत्येक इलाकामा हुने जन-गणनाको कामको रेखदेख त्यस इलाकाको निमित्त खटिएको सेन्सस् सुपरिटेन्डेन्टले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्नेछन् । एउटा इलाका कई क्षेत्रमा विभाजित गरिएको छ र प्रत्येक क्षेत्रमा हुने जनगणनाको कामको निरीक्षण त्यस क्षेत्रको निमित्त खटिइएको सेन्सस् सुपरभाइजरले अथवा जनगणना निरीक्षकले गर्नेछ । वास्तविक जनगणनाको काम अर्थात् घरघर गई मानिसहरूको नाउँ इत्यादि लेख्ने काम प्रत्येक क्षेत्रको सुपरभाइजरद्वारा नियुक्त गणकहरूले गर्नेछन् । गणकहरूलाई यो काम गरेबापत एउटा स्लिप भरेको एक पैसाको दरले पारिश्रमिक दिने प्रबन्ध पनि गरिएको छ ।

हाल पास भएको जनगणना ऐनद्वारा प्रत्येक सुपरभाइजर अथवा निरीक्षकले आफ्नो इलाकाभित्रको गाउँहरूको थरी, मुखिया, जिम्मावाल र पटवारीहरूलाई जनगणना गर्नेको सम्बन्धमा आवश्यक आदेश दिन सक्नेछ र निजहरूले यस्तो आदेशलाई मानी जनगणनाको काममा सहयोग दिनुपर्नेछ । प्रत्येक व्यक्तिले पनि,-जोसँग कि गणकहरूले जनगणनाको सम्बन्धमा प्रश्न सोध्नेछन्—प्रश्नहरूको आफूले जानेसम्म साँचो जवाफ दिनुपर्नेछ । जनगणनाको सम्बन्धमा सोधिने प्रश्न-हरूको सूची यसैसाथ प्रकाशित गरिएको छ । जनगणना देशको सबै वर्ग तथा सब दलहरूको निमित्त समानरूपले आवश्यक तथा उपयोगी भएकोले यस काममा कसैले पनि बाधा दिनुपर्ने कुनै कारण छैन । तर तैपनि यदि कोही यस कामको विरुद्ध मिथ्या प्रचार गरेर अथवा कुनै अन्य किसिमले बाधा दिन्छन् भने हाल पास भएको जनगणना ऐनद्वारा दण्डको भागी हुनेछन् । यस्तो दण्ड जरिवानाको हकमा मो. रु. ४००। बाहरुय तथा कैदको हकमा २ महीनासम्म, तथा दुवै एकसाथ पनि हुन सक्नेछ ।

अतः सर्वसाधारणसँग यो अनुरोध छ कि राष्ट्रिय महत्व राख्ने सार्वजनिक हितको यस काममा सरकारलाई सहयोग प्रदान गरी सरकारको यस महत्वपूर्ण प्रयासलाई सफल बनाउनुहोस ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## प्रश्नावली

१. (क) नाम. (ख) मुख्य मानिसको नाता.

२ (क) जात. (ख) धर्म

३. मर्द कि जनाना? ४. उमेर (पूरा भैसकेको)

५. विवाह नभएको, विवाह भएको, अर्धो— विधवा, पाचुके—के हो?

६. पढ्न जानेको छ? लेख्न जानेको छ? पास छ कि?

७. आफ्नो मातृभाषा बोल्न सक्ने अरु भाषा

८. आफ्नो कमाइले आफ्नो पेट पालेका छौ कि?

पालेको भए

(क) कुन पेशाले? त्यो पेशामा के कस्तो किसिमको काम छ?

(ख) (१) अरूलाई काममा लगाउने, (२) अरुको काम गर्नुपर्ने,

(३) आफ्नै निजी काम गर्ने के हो?

९. आफ्नो कमाइले आफ्नो पेट पाल्न नसक्ने भए जसमा भर पर्नुपर्दछ, त्यस मनिसको:— पेशा के हो? त्यस पेशामा के कस्तो किसिमको काम छ?

१०. (क) हाल काममा छौ? (ख) नभए के कारणले?

---

११. विदेशी भए,

कुन देशको? यहाँको बासिन्दा हक पाएको छ, छैन?

---

गोरखापत्र छापाखानाबाट प्रकाशित

मदन पुरस्कार पुस्तकालय

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

325